चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
बलम्बु, काठमाडौं
प्रदेश नं. ३

न्यायिक समितिबाट भएको

निर्णय
कि.हो. ०३

**निवेदक/वादी**

रामबहादुरको नाति दिनेश बयलकोटीको छोरा का.जि. दहचोक ३ हालको च.न.पा. वडा नं. १ बस्ने वर्ष ३१ को कमल बयलकोटी .......... १

**विपक्षी/प्रतिवादी**

तरीभाई श्रेष्ठको नाति मनोजकुमार श्रेष्ठको छोरा का.जि. बलम्बु ६ हालको च.न.पा. वडा नं. १२ बस्ने अं. वर्ष २२ को अभिषेक श्रेष्ठ ..१

**वादीको साक्षी**

क) का.जि. थानकोट गा.बि.स. वडा नं. २ को हाल च.न.पा. वडा नं. ३ थानकोट बस्ने वर्ष ३५ को मंगललाल मंग्राती ........... १

**प्रमाण**

क) नागरिकताको फोटोकपी थान ..............१
ख) जग्गाधनी प्रमाणपत्रको फोटोकपी थान.. १
ग) नाता प्रमाणितको फोटोकपी ................१
घ) दोहोरो सहमति कागजको फोटोकपी .....१

**प्रतिवादीको साक्षी**

**प्रमाण**

न्यायिक समितिबाट बुझेको साक्षी ..............................................

प्रमाण ..............................................................................

**विवादको विषय : धितो स्वरुप पारित गरि दिएको जग्गा दोहोरो सहमति कागज अनुसार फिर्ता गराई दिने सम्बन्धमा ।**

दर्ता नं. ६७८८/४६

**वादी दावीको संक्षिप्त व्यहोरा**

१. यस निवेदनमा विपक्षीसँगको उक्त विषयमा मेरो नाउँ दर्ताको का.जि. दहचोक वडा ३क कि.नं. ४९२ को क्षेत्रफल १-०-०-० को जग्गा मेरो बाबु हाल स्व. दिनेश बयलकोटीले निज विपक्षी धनी अभिषेक श्रेष्ठबाट रु. ६,००,०००/- (अक्षेरेपी छ लाख मात्र) ऋण स्वरुप लिई जग्गा धितो स्वरुप नै पारित गरी दिएको थियो । २ वर्षको भाखा म्यादमा सो

ऋण साँवा ब्याज चुक्ता गरी जग्गा फिर्ता पारित गरी दिने शर्त राखी दुवै पक्षको सहमतिमा दोहोरो सहमति कागज सोही दिन मिति २०७४।८।२१ गरी दुवै पक्षले सहिछाप गरेको थियो ।

२. उल्लेखित शर्त सहमति अनुसार शुरुमा ६ महिनाको ब्याज निज विपक्षीले लिईसकेको पछि बुबाको विमारी परी स्वर्गिय भयो । ज्यादै दयनिय समस्याले गर्दा त्यस पछिका ब्याज तिर्न सकिरहेको थिएन । हाल आएर सो शर्त सहमति कागज विपरित नै भाखा म्याद हुँदा हुँदै निज विपक्षीले उक्त जग्गा अर्कै व्यक्तिलाई विक्री गरेको भन्ने र ति अर्को व्यक्तिले पनि पुन: अर्कै व्यक्तिलाई दिइसकेको भन्ने कुरा निज विपक्षी स्वयंले मलाई भनेका छन् । मेरो आफ्नो दयनिय स्थिति भए पनि केही जग्गा विक्री गरेर भए पनि उक्त ऋण चुक्ता गरी जग्गा फिर्ता लिनका लागि निज विपक्षी पटक सम्पर्क गरी भनेकोमा निजले ऋण साँवा ब्याज बुझी लिई जग्गा फिर्ता गर्न इन्कार एवं आलटाल ढिलासुस्ती गर्दै आएको र म्याद भाखा हुँदा हुँदै पनि जग्गा नै अर्कै व्यक्तिलाई विक्री गरी दिएको हुँदा मलाई साह्रै अन्याय परेको छ । मु.ऐ.देवानी संहिता ऐन, २०७४ को करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था अनुसार सो सहमति कागज अनुसार ऋण साँवा ब्याज चुक्ता पश्चात् जग्गा फिर्ता गर्नुपर्ने दायित्व उल्लंघन गरी जग्गा नै खाने, पचाउने कार्य विपक्षीबाट गरिएको हुँदा प्रमाण सहमति कागज एवं उक्त कानुनी व्यवस्था अनुसार जग्गा फिर्ता गराई पाउन सादर अनुरोध गर्दछु ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४८ अनुसार अधिकार क्षेत्रको प्रयोग र दफा ४९ अनुसार न्याय सम्पादनको प्रकृया अवलम्बन गरी विपक्षीको उक्त कार्य रोकी इन्साफ पाउन सादर अनुरोध गर्दछु ।

४. तसर्थ उलेखित तथ्य, प्रमाण, प्रचलित कानुन समेतका आधारमा विपक्षीबाट बुबा र निज विपक्षी विचको सहमति कागज अनुसार ऋण साँवा ब्याज चुक्ता गराई जग्गा फिर्ता पारित गराई न्याय इन्साफ दिलाई पाउन सादर अनुरोध गर्दछु ।

**प्रतिवादीको प्रतिवादीको संक्षिप्त व्यहोरा**

निज वादीका एकाघरका अप्सरा श्रेष्ठले मिति २०७६।३।३० मा (सात) दिने म्याद बुझि प्रकृयामा नै नआई म्याद गुजारी बसेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

- जग्गाधनी प्रमाणपूर्जा र दोहोरो सहमतिको कागज प्रमाणको रुपमा राखेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा**

- वादीले कानुन व्यवसायी राखेको छैनन् ।

## दुवै पक्ष बीच फरक परेको विषय

वादीले भाका अगावै विक्री गरेको मेरो जग्गा फिर्ता पाउनुँ पर्ने ।

## निर्णय खण्ड

यस मुद्दाका सबै कागज प्रमाण बुझी निर्णय तर्फ विचार गर्दा धितो स्वरुप पारित गरिदिएको जग्गा दोहोरो सहमति कागज अनुसार फिर्ता गराई पाउँ भन्ने वादी दावी रहेको र प्रतिवादीले म्याद बुझी म्यादै गुजारी प्रतिवाद नगरी बसेको देखियो । यसमा प्रस्तुत विवाद स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा २ बमोजिम यस न्यायिक समितिको क्षेत्राधिकार अन्तर्गतको विवाद देखिन आयो । उक्त दफा ४७ (२) बमोजिम प्रस्तुत विवाद मेलमिलापको माध्यमबाट मात्रै निरुपण गर्न सक्ने प्रकृतिको विवाद देखिएको हुँदा मेलमिलाप प्रकृया अगाडि बढाउन प्रतिवादी अनुपस्थित भएको हुँदा मेलमिलापको प्रकृया अवरुद्ध भई प्रस्तुत विषयमा निर्णय दिनुपर्ने देखिन आयो । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७(२) बमोजिमको प्रस्तुत मुद्दामा निर्णय दिन सक्ने क्षेत्राधिकार यस न्यायिक समितिको नभएको हुँदा सोही ऐनको दफा ४९ को उपदफा ४ बमोजिम तारेखमा रहेका पक्षलाई तारिख तोकि श्री काठमाडौं जिल्ला अदालत जान सुनाइ प्रस्तुत मुद्दाको सक्कल मिसिल श्री काठमाडौं जिल्ला अदालतमा बुझाई दिनु । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

- माथिको निर्णय खण्डमा वादीलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को उपदफा ४ बमोजिम तारेख तोकि सक्कल मिसिल श्री काठमाडौं जिल्ला अदालतमा बुझाईदिनु ......१
- यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार गरी श्री काठमाडौं जिल्ला अदालतमा बुझाई दिएको निस्सा अभिलेख शाखामा बुझाईदिनु ............................ २

न्यायिक समितिका

संयोजक श्री लिशा नकर्मी

सदस्य
श्री माधव के.सी.

सदस्य
श्री सुरेन्द्र के.सी.

निर्णय तयार गर्न सहयोग पुऱ्याउने
गणेश खत्री

कम्प्युटर टाइप गर्ने
चिरञ्जीवी खड्का

कानुनी सहजकर्ता
निरञ्जन गोपाल बतौंला शर्मा

इति सम्वत् मिति २०७६ साल कार्तिक महिना १८ गते रोज २ शुभम् ...........